नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- २८९

मितिः- २०८१/११/२६

नेपाल संवत् ११४५

विषयः- विश्व उपभोक्ता अधिकार दिवस, २०८१ मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. २०७, मिति २०८१/११/२५ को विश्व उपभोक्ता अधिकार दिवस, २०८१ मनाउने सम्बन्धी पत्र र सो साथ प्राप्त उक्त दिवस मनाउने सम्बन्धी निर्णय आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा)

सिंहदरबार, काठमाडौं

नेपाल।

पत्र संख्याः २०८१।८२

चलानी नम्बरः २०६

मितिः २०८१/११/२५

**विषयः-परिपत्र गरिदिने सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यही आउँदो मार्च १५, २०२५ (तदनुरूप २०८१ साल चैत्र ०२ गते) शनिबारका दिन **"स्वच्छ र प्रतिस्पर्धी बजार : उपभोक्ता संरक्षणको दिगो आधार"** भन्ने नारा सहित **"विश्व उपभोक्ता अधिकार दिवस २०८१"** मनाउन लागिएको सन्दर्भमा सबै प्रदेश तथा स्थानीय तहमा उक्त दिवस भव्यताका साथ मनाउनका लागि पत्राचार र समन्वय गरिदिनुहुन मिति २०८१/११/१५ गतेको निर्णय यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..........................

(राम प्रसाद गोतामे)

शाखा अधिकृत

<u>बोधार्थः</u>

आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाडौं।

फोन नं. ०१-४२११४६३; ४२११६३१

Website: www.moics.gov.np; Email: info@moics.gov.np

निर्णयहरु :

१. विश्व उपभोक्ता अधिकार दिवस, २०८१ भव्य रुपमा मनाउन नेपालको नारा देहायका वमोजिम निर्णय गरियो :

"स्वच्छ र प्रतिष्पर्धी बजार : उपभोक्ता संरक्षणको दिगो आधार "

२. आगामी ०८१ चैत्र २ गतेको विश्व उपभोक्ता अधिकार दिवस, २०८१ मूल समारोहको कार्यक्रम विभागको हल, त्रिपुरेश्वरमा आयोजना गर्ने । सोही दिन उपभोक्ता अदालतको समुद्घाटन गर्ने ।

३. विश्व उपभोक्ता अधिकार दिवस, २०८१ भव्य रुपमा मनाउनका लागि देहाय वमोजिमको कार्यक्रम सं गर्ने ।

| सि. न. | कार्यक्रम | मिति, समय र स्थान |
|---|---|---|
| | | |
| १. | **केन्द्रीय कार्यक्रम** | |
| | **अन्तरक्रिया कार्यक्रम** | |
| | १.१. संचारकर्मी र उपभोक्ता अधिकारकर्मीसंग छलफल | |
| | १.२ वस्तुगत संघ/सस्थासंग छलफल | |
| | १ .३ वस्तुको प्रत्यक्ष विक्री सम्वन्धि छलफल र अन्तरक्रिया | |
| | १.४ उद्योग विभागको सभा हलमा अन्तरक्रिया र छलफल सहितको औपचारिक कार्यक्रम ( FNCCI, CNI, NCCI, उपभोक्तावादी संघ संस्था, मेडिया र अन्य ) | २०८१ / १२ / ०२, १०:३० वजे |
| | १ .५ उपभोक्ता जागरण सम्वन्धी डकुमेन्ट्री प्रसारण | २०८१ / १२ / ०२, ११:०० वजे |
| २. | **जनचेतना कार्यक्रम** | |
| | २.१ निजी तथा सरकारी (प्लस टु र स्नातक कलेज/ महाविद्यालयमा उपभोक्ता जागरण शिक्षा ( ३० पटक ) | |
| | २.२ टेलिभिलन टक सो ( मेडियासंग अन्तर्वार्ता ) | |
| | २.३ मोवाइ RING TONE वाट उपभोक्ता सचेतना कार्यक्रम प्रसारण | २०८१/१२ /०२ |
| | २.४ विद्यालय/कलेजस्तरीय वक्तृत्वकला प्रतियोगिता ( उपभोक्ता जागरण सम्वन्धी ) | |
| | २. विद्यालयस्तरीय निवन्ध प्रतियोगिता ( उपभोक्ता जागरण | |

| | | |
|---|---|---|
| | सम्वन्धि ) | |
| | २.५ विभागको वेभ साइटमा शुभकामना संदेश प्रकाशन (माननीय मन्त्री, सचिव र महानिर्देशक ) | २०८१ / १२ / ०२ |
| ३. | **ख. प्रदेशस्तरीय कार्यक्रम** | |
| | ३.१ उपभोक्ता अधिकार संरक्षण सम्वन्धि जागरण र सचेतनामुलक औपचारिक कार्यक्रम ( प्रदेश तहका उद्योग वाणिज्य संघ , पत्रपत्रिका र उपभोक्ताकर्मी संघ संस्था ) | २०८१ / १२ / ०२ |
| | ३.२ स्थानीय रेडियो, टेलिभिजन मार्फत प्रचारात्मक सामग्री, टक सो , अन्तर्वार्ता प्रसारण | |
| | ३.३ प्रदेश तहका उद्धोग वाणिज्य संघ, Media, उपभोक्ताकर्मीसंग छलफल र अन्तरक्रिया कार्यक्रम | |
| | ३.४ पर्चा, पम्प्लेट मार्फत उपभोक्ता सचेतना कार्यक्रम ( सडक , कार्यालय परिसर, सार्वजनिक स्थल ) | |
| ४. | **ग. स्थानीयस्तरीय कार्यक्रम** | |
| | ४.१ स्थानियस्तरमा स्थानीय उद्धोग वाणिज्य संघ , Media, उपभोक्ताकर्मीसंग छलफल र औपचारिक कार्यक्रम | २०८१ / १२ / ०२ |
| | ४.२ स्थानीय रेडियो, टेलिभिजन मार्फत प्रचारात्मक सामग्री, टक सो , अन्तर्वार्ता प्रसारण | |
| | ४.४ विद्यालय/ कलेज स्तरीय निवन्ध, बक्तृत्वकला, हाजिरी जवाफ प्रतियोगिता ( उपभोक्ता जागरण सम्वन्धी विषयमा ) | |

४. विश्व उपभोक्ता अधिकार दिवस, २०८१ भव्य रुपमा मनाउन सवै प्रदेश तथा स्थानीय तहमा माथि उ नारा सहितको पत्राचार र समन्वयका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनु ।

५. विज्ञापन वोर्ड नेपाललाई विश्व उपभोक्ता अधिकार दिवस, २०८१ का सन्दर्भमा उपभोक्ता सचेतनामूल सामग्री प्रकाशन गर्न अनुरोध गर्दै प्रसारण/ प्रकाशन सामग्रीको नमूनासहित अनुरोध गर्ने ।

६. उपभोक्ता सचेतनामूलक सामग्रीहरुको ध्वनि मोवाइल रिंग टोनवाट वजाउन उद्योग वाणिज्य तथा आ मन्त्रालयमार्फत संचार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

७. विश्व उपभोक्ता अधिकार दिवस, २०८१ भव्य रुपमा मनाउन उद्योगी, व्यवासायी, उपभोक्ता अधिकारकर्मी, पत्रकार तथा सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

८. मूल समारोहमा उपभोक्तावादी संघ/संगठनवाट प्रतिनिधित्व गर्दै मन्तव्य दिने प्रतिनिधि र संघ/ संगठनको नाम आपसी छलफलवाट वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पहिले नै तय गर्ने ।

२०८१।११।१५